आज मिति २०८० साल माघ २३ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८०/०८१ को दशौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम बुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री गोविन्द भट्टराई | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर बुढा | अधिकृत छैठौं | |
| २ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ३ | गन बहादुर थापा | सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## दशौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समिक्षा सम्बन्धमा ।

२. प्रदेश समपुरक माग सम्बन्धमा ।

३. जस्तापाता वितरण सम्बन्धमा ।

४. कानुनहरु स्वीकृत सम्बन्धमा ।

५. विविध छलफल सम्बन्धमा ।

## २०८० माघ २३ गते बसेको दशौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका वैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला वैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | प्रदेश समपुरक माग सम्बन्धमा । | यस गाउँपालिकामा आवश्यक रहेक आयोजना तथा कार्यक्रमका लागि लुम्विनी प्रदेश सरकारसँग समपूरक अनुदान आयोजना तथा कार्यक्रमहरुका लागि प्रस्ताव माग गर्न आवश्यक रहेको । | यस गाउँपालिका अन्तर्गत आगामी आ.व.मा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु प्रदेश सरकार अर्थ मन्त्रालय, लुम्वीनी प्रदेश सरकार, राप्ती उपत्यका (देउखुरी), दाङमा तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरु माग गर्ने ।<br>**तपसिल**<br>१. राज्य पोखरी वृहत निर्माण योजना<br>२. ज्ञानदोय आधारभूत विद्यालय भौतिक पूर्वाधार निर्माण<br>३. जनज्योति मा.वि. मोटरबाटो आर.सी.सी.<br>४. गंगा प्रावि अधुरो भवन निर्माण र शिशु कल्याण प्रावि भौतिक पूर्वाधार निर्माण | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | जस्तापाता वितरण सम्बन्धमा । | चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अनुसार फुसको छानो विस्थापन कार्यक्रम (जस्तापाता खरिद) शिर्षकबाट जस्तापाता खरिद भई सकेको हुदाँ वितरण गर्न आवश्यक देखिएको । | वडाको सिफारिस र प्राविधिक मूल्याङ्कन अनुसार १, २, ३, ४, ५, ७ र ८ नं. वडामा १०/१० घर र वडा नं. ६ लाई ५ घरको दरले जस्तापाता उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | कानुनहरु स्वीकृत सम्बन्धमा । | अपाङ्गता संरक्षण कोष परिचालन कार्यबिधि, २०८०, प्राविधिक कर्मचारीको फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०८० र सुनिलस्मृति गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन)कार्यविधि, २०८० लाई स्वीकृत गर्न आवश्यक देखिएको । | विभिन्न मितिमा बसेको कानुन मस्यौदा समितिबाट विद्यायन समितिमा सिफारिस भई विद्यायन समितिबाट स्वीकृतका लागि गाउँ कार्यपालिकामा सिफारिस भई आएको अपाङ्गता संरक्षण कोष परिचालन कार्यबिधि, २०८०, प्राविधिक कर्मचारीको फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०८० र सुनिलस्मृति गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) व्याक हो लोडर चालक र सह चालकलाई ज्यालादारीमा कामकाजमा लगाउने सम्बन्धमा । | क) व्याक हो लोडर चालक अमर वली र सहचालक केशव महराले हामी यस कार्यालयको चालक र सहचालक पदमा कार्यरत रहेको र २०७९ साल पुस महिनामा व्याक हो लोडर बिग्रिएको र मर्मत पश्चात पुन: कामकाजमा लगाउने सहमती भएकोमा हाल आएर उक्त मेसिन मर्मत भै सञ्चालनमा आएको हुँदा करार सम्झौता गरी कामकाजमा लगाउनुहुन भनि निवेदन दिएको र मिति २०८०।१०।१६ गतेका दिन गाउँपालिका अध्यक्षस्तरको निर्णयानुसार गाउँ कार्यपालिका बैठकमा पेश गर्ने भनि निर्णय भएको हुदाँ उक्त पदमा कार्यरत कर्मचारीहरुलाई ज्यालादारीमा लगाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ख) भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन तथा भूमिहीन दलित, भूमिहीन सुकम्बासी र अव्यवस्थित बसोबासी सेवा केन्द्र स्थापना सम्बन्धमा । | ख) भूमिहीन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित वसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि २०७८ को दफा ४ को उपदफा (१) सहजीकरण समिति गठनका लागि गाउँपलिका अध्यक्षलाई जिम्मा दिने र दफा ५ को उपदफा (१) बमोजिमको सेवा केन्द्र सञ्चालनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने तथा सोही कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिमको सहजीकरण समिति गठनका लागि सबै वडालाई निर्देशन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ग) निर्णय अनुमोदन सम्बन्धमा । | ग) मिति २०८०।१०।२३ गते बसेको वातावरण तथा विपद व्यवस्थापन समितिको वैठकलाई अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | घ) स्वास्थ्यकर्मी पदपूर्ती सम्बन्धमा । | घ) वडा नं. २ गोगनपानी र वडा नं. १ थुम्पाकी स्वास्थ्य ईकाइ केन्द्र सञ्चालनका लागि १/१ जना अनमीको पदपूर्ती गरी स्वास्थ्य ईकाइ केन्द्र सञ्चालन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ङ) उद्यम विकास सहजकर्ताको तलव भत्ता सम्बन्धमा । | ङ) गाउँपालिकामा कार्यरत उद्यम विकास सहजकर्ताहरुको तलव भत्ता शसर्त तर्फको नयाँ उद्यमी सृजना खर्च शिर्षकमा विनियोजित वजेटको ३३% प्रतिशत रकम तलव भत्तामा खर्च गर्न पाउने भनि गरिवी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम निर्देशिका, २०७७ मा उल्लेख भएको र चालु आ.व.मा नयाँ उद्यमी तर्फ ९२००००।– विनियोजित बजेटको ३३% प्रतिशत रकमबाट अपुग हुने देखिएको हुदाँ चालु आ.व.को स्वीकृत करार सेवा शुल्कबाट भुक्तानी गर्ने र आगामी वर्ष आवश्यकतालाई मध्यनजर गर्दै निर्देशिका वमोजिम हुने गरी करार सम्झौता गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | च) बोल पत्र स्वीकृत सम्बन्धमा । | च) यस गाउँपालिकाको चालु आ.व.को ठेक्का Road Upgrdin work of Kimichaur-Ghodagaun road Road Upgrading Work of kimichaur-Ghodagaun Road (Sunil Smriti Rural Municipality Ward.1), ठेक्का नं. SSRM-ROL-W-NCB-4-2080/081 को सबै भन्दा कम कवोल गरेको बोलपत्र श्री मनोज एन्ड साधना निर्माण सेवा प्रा.लि. थवाङ गाउँपालिका-०२, रोल्पाको देखिएको तर मूल्याङ्कन गर्ने क्रममा सो निर्माण व्यवसायीले आवश्यक कागजातहरु मध्ये फर्म/कम्पनि दर्ता प्रमाणपत्र e-gp system मार्फत पेश गरेको नदेखिएको तर पेश भएको वोलपत्र प्राविधिक तथा आर्थिक रुपमा सारभूत भएको देखिएकोले कम्पनी दर्ता प्रमाण पत्र दर्ता नभइ पेश नगरेको भन्ने आसय नदेखिने हुदाँ उक्त प्रमाणपत्रको कारण मात्र वोलपत्र रद्ध गर्नुपर्ने अवस्था नदेखिएकोले निजको वोलपत्र छनौट गरि खरिद कार्य अगाडि बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष